# सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशात्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन

विषयको आंशिक आवश्यकता पुरा गर्न तयार पारिएको

शोधपत्र


प्रस्तुतकर्ता

उमा तिवारी

जनता वहुमुखी क्याम्पस

इटहरी, सुनसरी


२०६९


परीक्षा रोल न. :- २१८०१४५ /२०६७
त्रि.वि. द.न.:-९-२-२१४-५००-२००५
क्याम्पस रोल न.:२३

शोधपत्र बुझाएको मिति :-२०६९ ।८। ७
शोध स्वीकृत मिति :-२०६९/९/२७
**11 Jan 2013**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**जनता बहुमुखी क्याम्पस**

**इटहरी, सुनसरी**

## सिफारिस पत्र

जनता वहुमुखी क्याम्पस शिक्षा शास्त्र संकाय, इटहरी, सुनसरी स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय की छात्रा श्री उमा तिवारी 'सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको अवस्था ' शीर्षकको शोधपत्र मेरो निर्देशन र सुझाव अनुसार तयार गर्नु भएको जानकारी गराउदै आवश्यक मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

____________

टोलनाथ काफ्ले

( शोध निर्देशक )

मिति :- २०६९ । ८ । ७

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षा शास्त्र सङ्काय**
**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**
**जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत 'पाठ्यक्रम तथा मूल्याङ्कन' मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्रा उमा तिवारी स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि "माध्यमिक तहको सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुको अवस्था" शीर्षकमा शोध प्रस्तावना कार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकाले यो शोध प्रस्तावना यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. श्री टोलनाथ काफ्ले

विभागीय प्रमुख

(शोध निर्देशक)

२.बाह्य सुपेरीवेक्षक ...............

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह ( एम.एड) दोस्रो बर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता परिपुर्तिको लागि तयार पाारिएको हो । यो अध्ययन माध्यमिक तहमा "सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको अवस्था" शीर्षकमा केन्द्रिकृत भएर गरिएको छ ।

यो शोधपत्र तयारीको क्रमदेखि अन्तिम अवस्थासम्म आफ्नो अमूल्य समय दिई गहन मार्ग निर्देशन गर्नुभई यस अध्ययन कार्यलाई सफल पार्न भरपुर सहयोग सरसल्लाह प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख तथा शोध निर्देशक टोलनाथ काफ्ले प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस अध्ययनलाई सफल बनाउन अभिमुखिकरण कक्षा सञ्चालन देखि अन्तिम अवस्थासम्म आवश्यक सर सल्लाह प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पसका उप-प्राध्यापक राजन शर्मा र उप प्राध्यापक शान्तिराम दाहाल प्रति स-धन्यवाद व्यक्त गर्न चाहन्छु । र यस अध्ययन कार्यलाई सफल बनाउन उपयुक्त वातावरणको निर्माण गरि सहयोग पुऱ्याइदिनु हुने क्याम्पस प्रशाशन परिवारलाई धन्यवाद दिन चाहन्छु ।

यो अध्ययनका आवश्यक पर्ने तथ्याङ्कउपलब्ध गराउने श्री शिक्षा सदन उ.मा.वि. धरान, श्री ल्याब्रोटरी उ.मा.वि. धरान, श्री प्रकाश उ.मा.वि. प्रकाशपुर, श्री सरस्वती सतन मा.वि इटहरी र श्री आर्दश उ.मा.वि. बक्लौरी परिवार प्रति अभार व्यक्त गर्न चाहन्छु । यस अध्ययनमा आफ्ना विचार राख्ने सामाजिक विषयका शिक्षकहरु,स्रोत व्यक्ति, र विषय विशेषज्ञ ज्यू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस अध्ययनका लागि आवश्यक सूचना संकलनमा सहयोग गर्नुहुने श्री चिरञ्जिवि भट्टराई, श्री भिम खवास र श्री अनिता पौडेल ज्यूलाई स-धन्यवाद ज्ञापन गर्दछु ।

यसैगरी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट सहयोग गर्नुहुने सम्पूर्ण सहपाठी मित्रहरु, उपयुक्त शैक्षिक तथा आर्थिक वातावरण प्रदान गर्नुहुने श्री इन्द्र पौडेल र भाषा सम्पादनमा सहयोग पुऱ्याउनु हुने श्री सुशीला काफ्ले ज्यू प्रति आभारी छु । अन्त्यमा यो शोधपत्र टङ्कन गरी सहयोग गर्नुहुने भेराइटी बुक्स एण्ड स्टेश्नरीकी सचिता पोखेल धन्यवादका पात्र हुनुहुन्छ ।

उमा तिवारी

# शोधसार


शिक्षा परिवर्तनको बाहक हो । परिवर्तनशील समाज हिजो भन्दा आज फरक हुदै गईरहेको छ । तसर्थ परिवर्तनशील समाजका विभिन्न विषयहरुलाई समेटेर एकिकृत रूपमा माध्यमिक तहमा अनिवार्य सामाजिक अध्ययन विषयको पाठ्यक्रम समावेश गरिएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नात्तोकर तह एम.एड. द्वितिय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषयको आवश्यकता पूरा गर्न यो अध्ययन, अनुसन्धान गरिएको छ । यस अध्ययन अनुसन्धानको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएको विषयवस्तुको अवस्था शिर्षक राखिएको छ । यो अध्ययन अनुसन्धान माध्यामिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएको विषयवस्तुको अवस्था पहिचान गर्नु र तिनीहरुको क्षेत्र र क्रमको अवस्था पहिचान गर्नमा केन्द्रित गरिएको छ । यस अध्ययन अनुसन्धान दस्तावेज अध्ययनमा आधारित रहेर गरिएको छ । दस्तावेज अध्ययनको रूपमा पाठ्यक्रम तालिम पुस्तिका, शिक्षक निर्देशिका र पाठ्यपुस्तकहरु रहेका छन् । साथै सुनसरी जिल्लाको ५ वटा सामुदायिक विद्यालयका विषय शिक्षक, विषय विशेषज्ञ र स्रोत व्यक्तिहरुलाई उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरि छनोट गरिएको छ । तथ्याङ्क संकलनका साधनका रूपमा दस्तावेज अध्ययन, अन्तर्वार्ता र लक्षित समुह छलफल प्रयोग गरिएको छ । माध्यमिक तहको सामाजिक अध्ययन विषयले समसामायिक परिवर्तन, विश्वमा आएका नविनतम प्रविधि र सम्पूर्ण समाजको मागलाई ध्यानमा राखेको छ । यस विषय भित्र समाजशास्त्र, मानवशास्त्र, दर्शनशास्त्र, मनोवज्ञान, इतिहास, भुगोल राजनितिशास्त्र र अर्थशास्त्रलाई एकिकृत गरिएको पाइयो । यस विषयको पाठ्यक्रमले राखेको उद्देश्य र एकिकृत विषयवस्तुको तालमेल मिलेता पनि भौगोलिक विविधता, भाषा, धर्म र सामाजिक चेतनाको कमीको कारण कतिपय उद्देश्यहरुलाई व्यवहारमा उतार्न सकिएको छैन जसको लागि पाठ्यक्रम स्थानीय बनाउनुपर्ने र तालिम प्राप्त तथा भौगोलिक, धर्म, संस्कृतिको ज्ञान भएको शिक्षाको व्यवस्था गर्नुपर्छ ।

एकिकृत विषयवस्तुलाई सहज तरिकाले शिक्षण गर्नको लागि विभिन्न विद्यार्थी केन्द्रित शिक्षण विधिहरु जस्तैः- छलफल, प्रदर्शन, खोज, क्षेत्रभ्रमण, अवलोकन, समस्या समाधान, अभिनय विधिहरु अपनाउनु पर्ने हुन्छ । साथै सिकाईलाई प्रभावकारी बनाउनको लागि पाठ अनुसारको शैक्षिक सामग्री चार्टहरु, पोष्टरहरु नक्सा झण्डा, ग्लोब आदिको प्रयोग गरि शिक्षण गर्नुपर्दछ र विद्यार्थी सक्रियता बढाउनको लागि उनीहरुलाई आफै नक्सा

कोर्ने, तस्वीरहरु बनाउने जस्ता श्रृजनात्मक कार्यमा अग्रसर गराउनु पर्दछ । विद्यालयमा प्रयोग गर्ने गरेका लिखित परीक्षा मात्रैले विद्यार्थीको सम्पूर्ण पक्षको मूल्याङ्कन गर्न नसक्ने हुँदा अभिलेख राख्ने, गृहकार्य गर्नदिने, सृजनात्मक कार्य गर्न दिने, प्रतिवेदन बनाउन लगाई मूल्याङ्कन गर्नुपर्दछ र निरन्तर पृष्ठपोषण दिनु पर्दछ ।

सामाजिक अध्ययन समाजको अध्ययन हो । यसको क्षेत्र निकै व्यापक छ । घर परिवार छिमेक, समुदाय, गा.वि.स./नगर, जिल्ला, क्षेत्र, राष्ट्र हुँदै अन्तराष्ट्रिय स्तरमा फैलिएको छ । सामाजिक मुल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, आर्थिक क्रियाकलाप र अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग रहेका छन् । यी क्षेत्रहरु भित्रहरु समावेश विषयवस्तुलाई क्रमबद्ध रूपमा मिलाएर राखीएको छ । ती सम्पूर्ण विषयवस्तुहरु लम्विय र क्षितीजीय दुवै क्रममा रहेको पाइयो ।

समग्रमा विद्यार्थीहरुमा विश्ववन्धुत्वको भावनाको विकास, राष्ट्रिय समुन्नतिको लागि जागरुक, आर्थिक रुपले दक्ष, नक्सा, चार्ट, चित्र, डाईग्रामहरुको निर्माण आदि उपयोग सिपको विकास गराउने उद्देश्यले सामाजिक अध्ययन भित्र अन्य विषयवस्तु एकिकृत गरेको हो । विद्यार्थीको उमेर, क्षमताअनुसार सामाजिक विज्ञानका बेग्लाबेग्लै विषयहरु गहनरूपमा अध्ययन गर्न असम्भव हुनाले ती विषयबाट आवश्यक विषयवस्तु लिएर एकिकृत रूपमा उपयोगी ज्ञान, सीप र धारणाको विकास गराउन सामाजिक अध्ययन विषयको पाठ्यक्रम तयार पारिएको हो ।

विषय सूची


| | पेज नं. |
|---|---|
| आवरण पृष्ठ | i |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता ज्ञापन | iv |
| शोधसार | v |
| विषय सूची | vii |
| परिच्छेद-एक परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.१.१ सामाजिक अध्ययनको परिचय | २ |
| १.१.२ सामाजिक अध्ययनको ऐतिहासिक विकासक्रम | ३ |
| १.१.३ सामाजिक अध्ययनको महत्त्व र एकिकृत गरिएका विषयवस्तुहरु | ४ |
| १.१.४ सामाजिक अध्ययनको उद्देश्य र क्षेत्र | ६ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ९ |
| १.५ अध्ययनको परिसीमा | ९ |
| परिच्छेद दुई पूर्व साहित्यको पुनरावलोकन | |
| २.१ सैद्धान्तिक साहित्यको समिक्षा | ११ |
| २.२ सामाजिक अध्ययनसँग सम्वन्धित अध्ययनहरु | १३ |
| २.३ अवधाराणात्मक ढाँचा | १६ |
| परिच्छेद तीन अध्ययन विधि | |
| ३.१ अनुसन्धान ढाँचा | १७ |
| ३.२ जनसंख्या | १८ |
| ३.३ नमूना छनोट | १८ |
| ३.३.१ विद्यालय छनोट | १८ |
| ३.३.२ विषय शिक्षक छनोट | १८ |
| ३.३.३ स्रोत व्यक्ति/विषय विषेशज्ञ छनोट | १८ |
| ३.४ तथ्याङ्क स्रोतहरु | १८ |
| ३.४.१ प्राथमिक स्रोत | १८ |
| ३.४.२ गौण स्रोतहरु | १८ |
| ३.५ साधनको निर्माण | १९ |
| ३.५.१ अन्तर्वार्ता अनुसूची | १९ |
| ३.५.२ लक्षित समूह छलफल निर्देशिका | १९ |
| ३.५.३ दस्तावेज अध्ययन | १९ |
| ३.६ साधनको वैधता निर्धारण | १९ |

३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया २०

परिच्छेद - चार

तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुहरुको अवस्था पहिचान गर्नु २१

४.१.१ एकिकृत विषयवस्तु र उद्देश्य २२

४.१.२ एकिकृत विषयवस्तु र शिक्षण विधि ३२

४.१.३ एकिकृत विषयवस्तु र शैक्षिक सामग्री ३४

४.१.४ एकिकृत विषयवस्तु र मुल्याङ्कन प्रक्रिया ३७

४.२ सामाजिक अध्ययनको विषयमा एकिकृत गरऐका विषयहरुको पाठ्यक्रममा क्षेत्र र क्रमको अवस्था ३९

परिच्छेद -पाँच

प्राप्ति, निष्कर्ष र सुझावहरु

५.१ प्राप्ति ४७

५.१.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुहरुको अवस्था पहिचान र प्राप्तिहरु ४७

५.१.२ सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको क्षेत्र र क्रमको अवस्थाका प्राप्तिहरु ४८

५.२ निष्कर्ष ४९

५.३ सुझावहरु ५१

सन्दर्भ सामग्री

अनुसूचीहरु